# उत्तरवर्ती नेपाली निबन्धमा अन्तर्विषयकता

## ज्ञानु अधिकारी*

**लेखसार**

*प्रस्तुत अनुसन्धानात्मक लेख उत्तरवर्ती नेपाली निबन्धमा प्रयुक्त अन्तर्विषयकताको अध्ययन केन्द्रित भएर तयार पारिएको हो । यसरी अध्ययन गर्ने क्रममा उत्तरवर्ती नेपाली निबन्धका रूपमा २०६० यता प्रकाशित भएका आत्मपरक नेपाली निबन्धलाई अध्ययनको आधार बनाइएको छ । नेपाली साहित्यका अन्य विधामा जस्तै उत्तरवर्ती नेपाली नेपाली निबन्धमा पनि अन्तर्विषयकताको प्रयोग भएको छ । साहित्यको विषयवस्तुभित्र साहित्येतर विषयहरू अन्तर्वस्तुका रूपमा प्रयोग हुनुलाई अन्तर्विषयकता भनिन्छ । विश्वसाहित्यमा सन् १९६० पछि उत्तरआधुनिक बहुलवादी सिद्धान्त र सांस्कृतिक अध्ययनको विकासका क्रममा अन्तर्विषयक समालोचनाको पनि विकास भएको हो । साहित्यमा अन्तर्विषयकताको प्रयोग हुन थालेपछि यसप्रकारको साहित्यको अध्ययन-विश्लेषण गर्नका लागि अन्तर्विषयक समालोचनाको आरम्भ भएको हो । उत्तरवर्ती नेपाली निबन्धमा अन्तर्विषयकताको प्रयोग केकसरी भएको छ ? भन्ने प्राज्ञिक जिज्ञासा समाधान गर्ने उद्देश्यले तयार पारिएको यस लेखमा अन्तर्विषयकताका व्याख्याता मार्क बाउर्लिनले अन्तर्विषयकताका सम्बन्धमा राखेका मान्यताहरूलाई सैद्धान्तिक पर्याधारका रूपमा उपयोग गरिएको छ । उत्तरवर्ती नेपाली निबन्धमा विभिन्न प्रकारका अन्तर्विषयकताको प्रयोग भए पनि यस अनुसन्धानात्मक लेखमा राजनीति, संस्कृति र दर्शन गरी तीन ओटा अन्तर्विषयकतालाई मात्र विश्लेषणको आधार बनाइएको छ । उत्तरवर्ती नेपाली निबन्धमा अन्तर्वस्तुका रूपमा राजनीति, संस्कृति र दर्शन अन्तर्विषयकता प्रभावकारी रूपमा आएको र यसले निबन्धलाई बहुआयामिक, बौद्धिक, गहन र स्तरीय बनाएको निष्कर्ष यस अनुसन्धानात्मक लेखमा निकालिएको छ ।*

**शब्दकुञ्जी**

अन्तर्मिश्रण, आमसञ्चार, बहुविषय, बहुअर्थी, साहित्येतर ।

**विषयपरिचय**

उत्तरवर्ती भन्नाले चलिरहेको समयको पछिल्लो भाग वा खण्ड भन्ने बुझिन्छ । आधुनिक नेपाली निबन्धको पछिल्लो खण्ड अर्थात् २०६० देखि यताको समयमा प्रकाशित निबन्धलाई यहाँ

---

* उपप्राध्यापक, पद्मकन्या बहुमुखी क्याम्पस, काठमाडौँ ।

उत्तरवर्ती नेपाली निबन्ध मानी अध्ययनका लागि सीमाङ्कन गरिएको छ । जीवन र जगत्का कुनै पनि विषयमा केन्द्रित रही त्यसप्रतिका निजी अनुभूति, विचार र दृष्टिकोणको स्वतन्त्र अभिव्यक्तिलाई निबन्ध भनिन्छ । पछिल्लो समयमा निबन्धका विविध स्वरूपहरूको विकास भएको छ । मूलतः स्रष्टाका आत्मानुभूतिलाई केन्द्रमा राखेर आत्मपरक ढङ्गले लेखिएको गद्यरचना नै निबन्ध हो । १९९० को दशकदेखि प्रारम्भ भएको आधुनिक नेपाली निबन्धले करिब आठ दशकको अवधि पार गरिसकेको छ । साठीको दशकयताका नेपाली निबन्धमा विषयवस्तुको नवीनता बढी पाइने र यस अवधिका निबन्धमा निबन्धकारका अनुभूति, भोगाइ, विचार, दृष्टिकोण आदिमा अन्तर्विषयकताको प्रयोग व्यापक रूपमा भएकाले २०६० को दशकयताका निबन्धलाई यहाँ अध्ययनका लागि चयन गरिएको छ । यसरी निबन्धको विषयवस्तुमा अन्तर्घुलित भएर आएको अन्तर्विषयकतालाई आधार बनाई उत्तरवर्ती चरणमा लेखिएका प्रतिनिधिमूलक निबन्धहरूको अध्ययन-विश्लेषण यस अध्ययनको क्षेत्र हो । संसारमा ज्ञानविज्ञानका अनेकौँ शाखा र विषयहरू छन् । ज्ञानका ती विविध विषयहरू साहित्यका अन्तर्वस्तुका रूपमा समावेश हुनुलाई साहित्यको अन्तर्विषयकता भनिन्छ । उत्तरवर्ती नेपाली निबन्धमा पनि अन्तर्विषयकता आएको पाइन्छ । खास गरी आजका स्रष्टाहरू ज्ञानविज्ञानका विविध क्षेत्रसँग सम्बद्ध रहनु, प्रविधिको प्रयोग र यसको व्याप्ति बढ्दै जानु र विषयवस्तुलाई व्यापक र नवीन बनाउने उद्देश्यका कारण उत्तरवर्ती नेपाली निबन्धमा अन्तर्विषयकताको प्रयोग प्रभावकारी रूपमा आएको देखिन्छ । उत्तरवर्ती नेपाली निबन्धमा विविध अन्तर्विषयकता देखिए पनि यस अनुसन्धानात्मक आलेखमा राजनीति, संस्कृति र दर्शनजस्ता अन्तर्विषयकतालाई अध्ययनको आधार बनाइएको छ । उत्तरवर्ती नेपाली निबन्धमा उपर्युक्त विषयको उपस्थितिका बारेमा प्राज्ञिक अध्ययन-अनुसन्धानमा केन्द्रित रहेर प्रस्तुत अनुसन्धानात्मक लेख तयार पारिएको छ । उत्तरवर्ती नेपाली निबन्धमा अन्तर्विषयकतासम्बन्धी अध्ययन नभएका सन्दर्भमा यस किसिमको अध्ययन अपेक्षित ठानिएको हो ।

उत्तरवर्ती नेपाली निबन्धमा अन्तर्विषयकता केकसरी आएको छ भन्ने मूल जिज्ञासामा आधारित भएर प्रस्तुत अनुसन्धान आलेख तयार गरिएको छ र यो नै यस अनुसन्धानको मूल समस्या हो । उत्तरवर्ती नेपाली निबन्धमा राजनीति, संस्कृति र दर्शन विषय केकसरी आएको छ ? भन्ने प्राज्ञिक जिज्ञासा नै यस अनुसन्धानात्मक लेखको शोध्यप्रश्न हो । प्रस्तुत अनुसन्धानात्मक लेख उत्तरवर्ती नेपाली निबन्धमा अन्तर्विषयकताको अध्ययन गर्ने उद्देश्यले तयार पारिएको हो । उत्तरवर्ती नेपाली निबन्धमा राजनीति, संस्कृति र दर्शन विषयको अन्तर्विषयकताको अध्ययन विश्लेषण गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य हो ।

## अध्ययनको विधि

अन्तर्विषयकता नेपाली समालोचनामा पछिल्लो समय विकसित भएको साहित्यसिद्धान्त हो । यस अध्ययनमा अन्तर्विषयकताका सन्दर्भमा यसका व्याख्याता बाउर्लिनले प्रस्तुत गरेको अवधारणालाई आधार बनाई उत्तरवर्ती नेपाली निबन्धको अध्ययन-विश्लेषण गरिएको छ । यस अनुसन्धान आलेखलाई व्यवस्थित, प्रामाणिक तथा गहन बनाउनका लागि सामग्री सङ्कलन तथा उपर्युक्त शोधविधिको प्रयोग गरिएको छ र सोद्देश्य नमुना छनोटविधि अवलम्बन गरी सामग्री सङ्कलन गरिएको छ । यसक्रममा सम्पूर्ण सामग्री प्राथमिक र द्वितीय स्रोतबाट सङ्कलन गरी पुस्तकालयीय सामग्रीलाई नै प्रमुख आधार बनाइएको छ । यसक्रममा उत्तरवर्ती नेपाली निबन्धमा राजनीति, संस्कृति र दर्शनजस्ता अन्तर्विषकताको प्रयोग भएका निबन्धलाई प्राथमिक स्रोतका रूपमा र यससँग सम्बन्धित पूर्वाध्ययन तथा अन्य सामग्रीलाई द्वितीयक स्रोतका रूपमा प्रयोग गरिएको छ ।

अन्तर्विषयकताका व्याख्याता बाउर्लिनले प्रस्तुत गरेको अवधारणालाई आधार बनाई उत्तरवर्ती नेपाली नेपाली निबन्धमा प्रयुक्त अन्तर्विषयकताको विश्लेषण गरिएकाले यो अध्ययनपत्र मुख्य रूपमा निगमन विधिमा आधारित छ र आवश्यकताअनुसार व्याख्या-विश्लेषणात्मक एवं वर्णनात्मक विधि पनि अवलम्बन गरिएको छ ।

**अन्तर्विषयकताको सैद्धान्तिक पर्याधार**

अन्तर्विषयकतालाई अङ्ग्रेजीमा इन्टरडिसिप्लिनरी भनिन्छ । साहित्य समालोचनामा सन् १९६० को दशकपछि उत्तरआधुनिक बहुलवादी कोणबाट साहित्यलाई हेर्ने सिद्धान्तका रूपमा अन्तर्विषयकताको विकास भएको हो । एउटा विषयभित्र अर्को विषयको पाठ, प्रसङ्ग वा सन्दर्भ अन्तर्गर्भित भएर आउनुलाई अन्तर्विषयकता भनिन्छ । कुनै पनि साहित्यिक कृतिलाई बहुल कोणबाट हेर्ने दृष्टिकोण वा पद्धतिको स्वरूप नै अन्तर्विषयकता हो । ज्ञानका विविध शाखाहरू इतिहास, मनोविज्ञान, दर्शन, समाजशास्त्र, संस्कृति, राजनीति, अर्थशास्त्र, पर्यावरण, मिथक, आद्यरूप, नीतिशास्त्र, धर्म, प्रविधि, आमसञ्चार, भाषाशास्त्र आदि साहित्यका विषयवस्तुमा अन्तर्निहित भएर आएको छ भने त्यस्तो साहित्यलाई अन्तर्विषयकता भनिन्छ (अधिकारी, २०७७, पृ. ९४) । यसरी साहित्येतर विषयको प्रयोग भएको साहित्यलाई अध्ययन–विश्लेषण गर्ने विधि वा पद्धतिलाई अन्तर्विषयक सिद्धान्त भनिन्छ । अन्तर्विषयकता बहुविषयक अध्ययन हो र यसले एउटा विषयभित्र अर्को विषयको माग गर्छ भन्ने कुरालाई विभिन्न विद्धानहरूले स्पष्ट पारेका छन् । ज्ञानका विविध क्षेत्रहरू विषय हुन् र विषयकतालाई आधुनिक साहित्यको अभिलक्षण मानिन्छ भने अन्तर्विषयकतालाई उत्तरआधुनिक साहित्यको अभिलक्षण मानिन्छ । आधुनिक साहित्यको देन मानिएको विषयकता भन्नाले एउटै विषयमा केन्द्रित, निर्दिष्ट, निश्चित विषय वा नैतिक परम्परा भन्ने बुझिन्छ भने अन्तर्विषयकता एउटा विषयमा मात्र सीमित नरही व्यापक रूपमा फैलिएको हुन्छ । ज्ञान र शक्तिका बिचको सम्बन्धका बारेमा उठ्ने प्रश्न विषयकता हो भने धेरै विषयहरूको परस्पर अन्तर्घुलन अन्तर्विषयकता हो (मोरान, सन् २००२, पृ. १) । पछिल्लो समयका साहित्यिक कृतिमा नवनव अन्य अन्तर्विषयकताको प्रयोग भएको छ । खासगरी पश्चिमी समालोचना विभिन्न किसिमका दर्शन, राजनीति, अर्थशास्त्र, विज्ञान, मनोविज्ञान, जीवविज्ञान, भाषाविज्ञान आदि ज्ञानका अनेक शाखाका आडमा नवीनता अँगालेर अगाडि बढेको देखिन्छ र यसै सन्दर्भमा अन्तर्विषयक बहुलवादी पठन साहित्यको अध्ययन पद्धतिको प्रमुख आधार बन्न पुगेको छ (गौतम, २०५९, पृ. ४५४) र यो नेपाली साहित्य समालोचनामा पनि प्रभावकारी रूपमा आएको छ । साहित्यले आफूभन्दा इतर विषयसँग सम्बन्ध राख्दा वा त्यस विषयलाई ग्रहण गर्दा अन्तर्विषयकताको सिर्जना हुन्छ र त्यस्तो अन्तर्विषयक कृति वा रचनाको विश्लेषण गर्दा समालोचकमा पनि तत्तत् विषयको ज्ञान हुनु आवश्यक हुन्छ । साहित्येतर विषयलाई साहित्यमा समावेश गर्नु अन्तर्विषयकता हो र यो साहित्यभन्दा इतर विषयको अध्ययन-विश्लेषण गर्ने सैद्धान्तिक अवधारणा पनि हो (बाउर्लिन, सन् १९९७, पृ. ७८) । बाउर्लिनले अन्तर्विषयकतालाई निम्नलिखित बुँदाहरूमा स्पष्ट पारेका छन् :

(क) साहित्येतर विषयलाई साहित्यमा समावेश गर्नु अन्तर्विषयकता हो,
(ख) एउटा विषय अध्ययनका निमित्त अर्को विषयको सहयोग लिनु अन्तर्विषयकता हो,
(ग) बहुल विचार र चिन्तनहरूको पारस्परिक आदानप्रदान गर्नु पनि अन्तर्विषयकता हो,
(घ) इतरविषयक अध्ययनको सैद्धान्तिक अवधारणा नै अन्तर्विषयकता हो ।

साहित्य एउटा विषयलाई कृतिमा अन्तर्निहित अन्य विषयहरूसँग सम्बद्ध गरेर अध्ययन तथा विश्लेषण गर्ने पद्धति नै अन्तर्विषयक समालोचना हो । साहित्यको विमर्श, व्याख्या, मूल्याङ्कनका

लागि साहित्येतर ज्ञानका विषयहरूबाट अवधारणा ल्याएर नवीन निष्कर्षमा पुग्ने विधि नै अन्तर्विषयक समालोचना हो (एटम, २०७०, पृ. ७)। साहित्यमा अन्तर्विषयकताको अध्ययन गर्ने अन्तर्विषयक समालोचनाले छरिएका विषयहरूलाई एकत्रित गरेर अध्ययन विश्लेषण गर्ने प्राज्ञिक कार्य गर्दछ। साहित्यमा विशेष गरेर समाजशास्त्र, संस्कृति, अर्थशास्त्र, इतिहास, मनोविज्ञान आदि अन्तर्विषयको प्रभाव बढी देखिन्छ। पछिल्लो समयमा विज्ञानप्रविधि र आमसञ्चारको प्रभाव पनि साहित्यमा बढ्दै गएको छ। यसरी साहित्यमा अन्तर्विषयकता बढ्दै जानु भनेको साहित्यको क्षेत्र व्यापक र समृद्ध बन्दै जानु पनि हो (बचविन्डर, सन् १९९१, पृ. २२-५०) अन्तर्विषयक पठन पाश्चात्य साहित्यका समालोचनाका प्रणालीसँग निकट देखिन्छ। पछिल्लो समयमा विकसित भएका ज्ञानका अन्य शाखासँग सम्बद्ध भएर आउने साहित्यको अध्ययन विश्लेषण गर्ने प्रक्रियालाई अन्तर्विषयक पठन भनिन्छ। साहित्यमा अन्य विषयको अन्तर्मिश्रणले नै अन्तर्विषयकताको जन्म हुन्छ। साहित्यका अतिरिक्त ज्ञानविज्ञानका जति पनि असङ्ख्य विषयक्षेत्रहरू छन्, तिनको साहित्यमा अन्तर्मिश्रण र प्रविष्टिबाट अन्तर्विषयकता सृजित हुन्छ (अधिकारी, २०७७, पृ. ९४)। सचेत र शक्तिशाली लेखकहरूमा अन्तर्विषयकता प्रबल रूपमा रहेको हुन्छ। तिनीहरूले जीवन, जगत्, प्रकृति, संस्कृति, भोगाइ, अनुभूति, विचार, धर्म, दर्शन, भूत, वर्तमान, ज्ञानविज्ञान आदिका बारेमा सङ्कथन तयार पार्छन्। यस्ता सङ्कथनलाई उनीहरूले बहुआयामिक, बहुअर्थी र बहुविषयकतातिर अभिमुख गराउने सन्दर्भमा धर्म, दर्शन, मनोविज्ञान, मानवशास्त्र, इतिहास, कला, विज्ञान आदि सन्दर्भहरू कृतिमा समावेश गर्दछन्। साहित्यको अन्तर्विषयक पठन भनेको बहुविषयक पठन पनि हो। आजका सन्दर्भमा साहित्यमा अन्तर्विषयकताको प्रवेशले साहित्य र ज्ञानका अन्य शाखाका बिचमा निकट सम्बन्धको विकास भएको छ।

## उत्तरवर्ती नेपाली निबन्धको अन्तर्विषयक विश्लेषण

उत्तरवर्ती नेपाली निबन्ध भन्नाले यहाँ २०६० को दशकयताको समयमा लेखिएका निबन्धलाई लिइएको छ। निबन्धकारका भोगाइ, अनुभूति भावना मात्र नआई ज्ञानका विभिन्न शाखा तथा विषय पनि उत्तरवर्ती नेपाली निबन्धमा आएका छन्। यसक्रममा आएका विषयहरूमा राजनीति, सामाजशास्त्र, संस्कृति, इतिहास, विज्ञानप्रविधि, सङ्गीत, कला, दर्शन, पत्रकारिता आदि पर्दछन्। उत्तरवर्ती निबन्धमा विविध किसिमका अन्तर्विषयकता पाइए पनि यस प्राज्ञिक लेखमा भने राजनीति, संस्कृति र दर्शन गरी मुख्य तीनओटा अन्तर्विषयकतालाई मात्र अध्ययनको आधार बनाइएको छ। उत्तरवर्ती नेपाली निबन्धका प्रतिनिधिमूलक निबन्धहरूमा विषय बनेर आएका राजनीति, संस्कृति र दर्शनजस्ता अन्तर्विषयकताको विश्लेषण तल क्रमैसँग गरिन्छ :

## राजनीतिक अन्तर्विषयकता

उत्तरवर्ती नेपाली आत्मपरक निबन्धमा आत्मानुभूतिको प्रकटीकरण मुख्य रूपमा आएको भए पनि त्यसमा जीवन, जगत्, समाजका विविध विषय पनि घोलिएर आएका छन्। उत्तरवर्ती नेपाली निबन्धमा प्रायः सबै क्षेत्रमा देखिएका विकृति, विसङ्गति आलोचनात्मक रूपमा प्रस्तुत गरिएको छ। यसमा पनि राजनीतिक क्षेत्रमा देखिएको बेथिति र विसङ्गति प्रमुख रूपमा निबन्धका अन्तर्वस्तुका रूपमा आएका छन्। यस्ता बेथितिप्रतिका अभिव्यक्ति राजनीतिक अन्तर्विषयकताका रूपमा प्रस्तुत भएका छन्। यसक्रममा कतै असङ्गतिप्रति आक्रोशका रूपमा कतै व्यङ्ग्यका रूपमा र कतै सुझावका रूपमा यो विषय प्रस्तुत गरिएको छ। यस्तै राजनीतिक विषय आएका केही निबन्धांशहरू यसप्रकार छन् :

सपनाझैँ लाग्ने यी भूदृश्य कहिलेकाहीँ विपनामा नै साक्षात् देख्न थालेपछि एक्लै बड्बडाउँदै भन्न थाल्छु- यहाँ सुशासन सञ्चालन कहिले कहाँ पो भएको छ र ? दुर्योधनहरू खाल थापिरहेका छन्, शकुनीहरू पासा फ्याँकिरहेका छन्, रावणहरू निर्लज्ज परस्त्रीहरण गरिरहेका छन्, विदुरहरू हारिरहेका छन्। पर्दा नयाँ फेरिएको छ, नयाँ सजावटका साथ रङ्गमञ्चमा केवल नयाँ किसिमको नाटक मञ्चन गरिँदैछ। ... मुण्डमाला भिर्न आतुर महिषासुर बनेर हिँडेका खलनायक विदूषक बनेर अदना नागरिकको आलो रगतले लफक्क भिजेका जुँगा पुछ्दै पर्दासामु उभिइरहेका छन् र तिनीहरूको बहुरूपी बर्बर अनुहारलाई क्यामेरामा कैद गरिरहेका व्यक्तिहरू उनीहरूका पातकी कार्य चोख्याउन बाचाल बन्ने पुरुषार्थ गरिरहेछन् र श्रव्यदृश्यको विभिन्न संसाधनमा तिनै आततायी अनुहार चम्किरहेका छन्, चम्काइरहेका छन्। (काफ्ले, 'रङ्गमञ्च', *जीवन एउटा...*, पृ. ११९)।

यस निबन्धांशमा राजनीति विषय प्रमुख भएर आएको छ। मिथकीय शैलीको प्रयोग गरी लेखिएको प्रस्तुत निबन्धांशमा आजका राजनीतिक दलका नेताहरूलाई दुर्योधन, शकुनी, रावण आदिको संज्ञा दिँदै तिनीहरूका अगाडि विदुरहरूले हार्नुपरेको यथार्थलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ। सत्ताको नयाँ रङ्गमञ्चमा महिषासुरजस्ता खलनायकहरू विदूषक बनेर हिँडेको र तिनीहरूको बहुरूपी बर्बर अनुहारलाई चोख्याउनका लागि क्यामेरा बोकेर उभिने वाचाल व्यक्तिहरू सक्रिय रहेको यथार्थलाई यहाँ देखाइएको छ। यसले राजनीतिक भ्रष्ट नेताहरू र उनीहरूलाई महान् भनेर प्रशंसा गर्ने बिकाउ पत्रकारहरूमाथि व्यङ्ग्य गरिएको छ। यसरी यस निबन्धांशमा सोझो र प्रत्यक्ष रूपमा नभई प्रतीकात्मक रूपमा राजनीतिक विषय बनेर आएको छ। कतिपय निबन्धहरू राजनीतिक प्रवृत्तिमाथि व्यङ्ग्य गरी लेखिएका पनि छन्। यस्तै प्रकारको निबन्धको एउटा अंश यसप्रकार छ :

> यता दिनदिनै हल्किँदै, पन्पिँदै, बढ्दै, सफासुग्घर बन्दै गएका नेपालका अनेकथरी राजनीतिक दल, पार्टी, गुट उपगुटहरूलाई भने उनीहरूको उर्ध्वगमनको करामतका लागि उडुस कामना दिनु सामयिक मात्र होइन न्यायोचित होलाजस्तो पनि लाग्छ। दुराचार, पापाचार, अत्याचार कतै केही संलग्नता नरहेका स्वच्छ छवि र कञ्चनकाया भएका देशको उन्नति, प्रगतिमा प्रतिपल खटिने बराह अवतारहरूलाई विदेशबाट आयात गरिने इत्र, फाहा वा सेन्टको भन्दा स्वदेशी गुन्द्री, राडी र खाट भित्ताहुँदो उत्पादित स्वगन्धी उडुस कामना गर्नु यथोचित र उच्च मूल्याङ्कनसमेत हुनेछ। चुनाव होस् कि नाकाबन्दी व्यापारी वर्गबाट बारम्बार लिने गरेको चन्दा, दलालीलगायत कित्ताको पारदर्शिताको हिसाबले पनि उडुस कामना नै सार्थक र सामयिक ठहर्ला कि ? (पौडेल, 'नयाँ वर्षको भुसकामना', विमोचनको बिगबिगी, पृ. १२०)

प्रस्तुत निबन्धांशमा राजनीतिक विषयवस्तु प्रस्तुत गरिएको छ। राजनीतिक अव्यवस्था र नेताहरूको अकर्मण्यताले देश पछि परेको यथार्थ प्रस्तुत गर्दै राजनीतिक दलका पाटी, गुट, उपगुटका नामबाट गर्ने भ्रष्टाचारको आलोचना तथा राजनीतिक दलभित्रको खिचातानी र भागबण्डाका कारण देशका सामान्य जनता माथि उठ्न नसकेको कुरा बताउँदै यसरी देश लुट्ने नेताहरूलाई स्वदेशमा नै उत्पादित उडुसको सेन्ट र त्यसको टोकाइले स्वागत गर्नुपर्ने सन्दर्भ यहाँ प्रस्तुत गरिएको छ। व्यङ्ग्यात्मक शैलीमा लेखिएको यस निबन्धांशमा राजनीतिका नाममा भएका शोषण र अत्याचारलाई विषय बनाई प्रस्तुत गरिएको छ। यसैगरी राजनीतिक दलका नेताहरूको स्वार्थी प्रवृत्ति, भ्रष्ट चरित्र र अदूरदर्शी कार्यशैलीलाई अन्य केही निबन्धकारहरूले पनि विषयका रूपमा प्रस्तुत गरेका छन्, जस्तै :

> नेताहरू सत्तामा पुग्नुअगि ठूलठूला आदर्शका कुरा गर्छन् र चर्को क्रान्तिकारी नारा पनि लगाउँछन्। तर, सत्तामा आइसकेपछि तिनै पार्टी र नेताहरू प्रतिक्रियावादी र

> यथास्थितिवादी भएर जान्छन् । सत्तामा आएपछि उनीहरूले पहिले नसोचेका व्यावहारिक कठिनाइको सामना गर्नुपर्दा अनि थाहा हुन्छ, राजनीति उनीहरूले सोचेकोजस्तो सरल र सहज हुँदोरहेनछ भन्ने । त्यसकारण उनीहरू विस्तारविस्तार आफ्नो आदर्शबाट पछि हट्न थाल्छन् । आन्दोलनकारी पार्टीका सबै कार्यकर्ता र नेता पूर्ण रूपमा भित्री हृदयबाट आदर्शप्रति समर्पित हुँदैनन् । धेरैजसो त आन्दोलन सफल भएपछि सत्तामा जान पाइनेछ भन्ने आशाले पनि राजनीतिमा लागेका हुन्छन् । तिनीहरूको भित्री उद्देश्य राष्ट्रसेवा नभई सत्तासुख भोग्ने हुन्छ । (जोशी, 'गुमेको अवसर', *अँध्यारोबाट उज्यालोतिर*, पृ. ७९)

माथिको निबन्धांशमा राजनीतिमा लाग्ने व्यक्तिहरू सबै राजनीति बुझेर मात्र लागेको नभई राजनीतिका माध्यमबाट आफ्नो स्वार्थ पूरा गर्ने उद्देश्यले लागेका हुन्छन् भन्ने यथार्थलाई प्रस्तुत गरिएको छ । सत्ताधारी नेताहरूले सत्तामा पुग्नुअगि ठुलाठुला आदर्शका कुरा गर्ने र सत्तामा पुगेपछि आफूले गरेको वाचा र आदर्श सबै बिर्सने प्रवृत्तिप्रति पनि यहाँ व्यङ्ग्य गरिएको छ । यहाँ राजनीतिक दलका अधिकांश नेताहरू वास्तवमा राजनीतिक सुझबुझसहित राजनीतिमा लागेको नभई र उनीहरूको उद्देश्य राष्ट्रसेवा नभएर केवल सत्तासुख भएको यथार्थलाई देखाइएको छ । उत्तरवर्ती नेपाली निबन्धमा राजनीति प्रमुख विषय बनेर आएको कुरा उपर्युक्त साक्ष्यहरूबाट पनि स्पष्ट हुन्छ र उत्तरवर्ती नेपाली निबन्धमा यस विषयको अन्तर्प्रविष्टिले निबन्धलाई सामयिक र युगबोधी बनाएको छ ।

**संस्कृति अन्तर्विषयकता**

उत्तरवर्ती नेपाली निबन्धमा अन्तर्विषयकताको रूपमा आएको अर्को महत्त्वपूर्ण विषय संस्कृति पनि हो । यस्ता निबन्धमा खास गरी नेपालीहरूका विविध सस्कृतिका बहुआयामिक पक्षलाई प्रस्तुत गरेको पाइन्छ । पछिल्लो समयमा मौलिक र परम्परित संस्कृतिमाथि प्रहार भइरहेको अवस्थामा यसप्रति चिन्ता र चासो व्यक्त गरी लेखिएका निबन्धहरू बढी पाइन्छन् । नेपाली मौलिक संस्कृतिको बहुआयामिक पक्षको प्रस्तुति पाइने उत्तरवर्ती नेपाली निबन्धमा मुख्य रूपमा परम्परित संस्कृतिप्रतिको अनुराग, निर्मित संस्कृतिका विविध पक्षको अभिव्यक्ति, सांस्कृतिक परिवर्तन र मिश्रणका विविध रूपजस्ता विषय प्रस्तुत गरिएका छन् । यसरी संस्कृति विषयका बहुआयामिक पक्ष आएका निबन्धका केही साक्ष्यहरू यसप्रकार छन् :

> मात्र हामीले भोटोको ठाउँमा सर्ट फेर्न सिक्यौं, सुरुवालको ठाउँमा पाइन्ट भिर्न सिक्यौं, टोपीका ठाउँमा क्याप अड्याउन जान्यौं तर दिमाग परिवर्तन गर्न सकेनौं, दृष्टिकोण परिवर्तन गर्न सकेनौं । कार्यशैली पारदर्शी बनाउन सकेनौं । साह्रै दुःख दिएर लेत्थ्नु पारेको बिरालोलाई बाँधी श्राद्ध गर्न बसेको बाउको आशय नै नबुझी परम्पराको बिँडो थाम्न बिरालो खोज्दै हिँड्न थालिरहेका छौं । (काफ्ले, 'संस्कारको चिसो सिरेटो', *जीवन एउटा थोत्रो स्क्रिन*, पृ. १५३)

उपर्युक्त निबन्धांशमा संस्कृति मूल विषयका रूपमा अभिव्यक्त भएको छ र निबन्धकारले पछिल्लो समयमा नेपालीहरूले आफ्नो परम्परा र संस्कृति बिर्सँदै गएको सन्दर्भ उल्लेख गर्दै सर्ट, प्यान्ट, क्याप लगाउन सिक्दैमा आफ्नो सोच परिवर्तन हुन नसक्ने कुरालाई स्पष्ट रूपमा राखेका छन् । अर्काको संस्कृतिको देखासेखी गर्नु र सोचविचार नगरीकन त्यसको अनुकरण गर्नु भनेको आफ्नो पहिचान गुमाउँदै जानु हो भन्ने धारणा व्यक्त गरी आफ्नो संस्कृति र संस्कार नै आफ्नो पहिचान हो भन्दै संस्कृतिमाथि प्रहार भएकामा प्रस्तुत निबन्धांशमा चिन्तासमेत व्यक्त गरिएको छ । यस्तै नेपाली मौलिक संस्कृतिलाई विषय बनाई लेखिएको अर्को एउटा निबन्धको अंश यसप्रकार छ :

> यही देशको साहित्यिक इतिहासमा अनेक चौतारा बनेका छन् । सिउँडी रोप्ने चौतारा छन् । मुर्दा गाड्ने चौतारा छन् । जिउँदै मान्छे पुरेका चौतारा छन् । गरिबहरू मर्दा गाडेका

चौतारो बन्न नसकेका तर चौताराका जग बनेका पनि छन् । कति चौताराले चिहानमात्रका रूप लिएका छन् । कति चौतारामा वरपीपल झाङ्गिएका पनि छन् । कतिमा ठाँटी छन् । फलैँचा छन् । पिउने पानी छन् । पाती छन्, फूलबगैँचा छन्, पाटी छन्, पौवा छन् । धजा-पताका, तोरण, तर्सिङ, आलम, झन्डा फर्फराएका हुन्छन्, जसले छुट्टाछुट्टै कुलायन, घमण्ड, स्वाभिमान, विकृति, संस्कृति, स्वीकृति, बहिष्कृतिको सूचना दिन्छन् । (दहाल, 'मोहन चौतारो', जदौ, पृ. १८१)

प्रस्तुत निबन्धांशमा संस्कृतिका बारेमा गहिरो चिन्तन अभिव्यक्त भएको छ । संस्कृतिसँग गाँसिएको मान्छेको संस्कार, आफ्नो जाति, धर्म, संस्कृति र त्यससँग जोडिएर आउने पर्वहरू केवल पर्व मात्र नभई हाम्रा भावना, स्मृति सपना पनि हुन् भन्ने कुरालाई यस निबन्धांशमा व्यक्त गरिएको छ । नेपाली संस्कृतिको परिचय दिई अनेक चौताराहरू बन्नु, त्यहाँ बरपीपल रोपिनु, ठाँटी, फलैँचा निर्माण गरिनु, फूलपाती, पधेँरा, पाटीपौवा बनाउनुजस्ता कार्यहरू हाम्रा मौलिक संस्कृति हुन् र तिनले हाम्रा संस्कृति, स्वाभिमान, एकताको परिचय दिन्छन् भन्ने कुरा व्यक्त गरिएको यस निबन्धांशमा संस्कृति विषयलाई प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ । यस्तै विषय भएको अर्को निबन्धांश यसप्रकार छ :

काठमाडौँका देवीदेवता, मुरली र मृदङ्को लयमा खटमा चढेर अरु देउताकोमा जान्छन् । विशाल काठको रातो मच्छेन्द्रनाथको रथ बिस्तारो चल्छ । त्योसँग ठूलो भिड कोलाहल गर्दै भावातीत अवस्थामा हिँड्छ । रथ हिजो हो तर त्यो आज चल्छ । कुनै ठाउँमाथि हिँड्नु चल्नु भनेको अहिलेको कथा मात्र होइन, त्यो इतिहास पनि हो । भक्तपुरको बिस्केट जात्रामा हिँड्ने क्रममा द्वन्द्व र जीतहारका चिन्ता देखिन्छन् । (सुवेदी, सहर महायात्रा, फ्लानरको डायरी, पृ. २३२)

प्रस्तुत निबन्धांशमा विशेषगरी काठमाडौँको नेवारी संस्कृति विषय बनेर आएको छ । उपत्यकाको नेवारी समुदायले मनाउने जात्रा, पर्व र उत्सवहरूलाई इतिहासको जीवन्तताका रूपमा प्रस्तुत गरिएको प्रस्तुत निबन्धांशमा मच्छेन्द्रनाथको रथजात्राको सन्दर्भ जोड्दै यस्ता संस्कृतिहरूले विगत, वर्तमान र भविष्यलाई जोडेका हुन्छन् र आफ्नो संस्कृति तथा संस्कारप्रति गर्व गर्न सिकाएका हुन्छन् भन्ने कुरालाई प्रस्तुत गरिएको छ । आधुनिकताका नाममा भएको संस्कृति र परम्पराको विलयनप्रति असन्तुष्टि व्यक्त गरिएको प्रस्तुत निबन्धांशमा संस्कृति विषय प्रभावी बनेर आएको छ । उत्तरवर्ती नेपाली निबन्धमा संस्कृति पनि विषय बनेर आएको कुरा उपर्युक्त साक्ष्यहरूले पुष्टि गरेका छन् ।

**दर्शन अन्तर्विषयकता**

उत्तरवर्ती नेपाली निबन्धमा दर्शन अन्तर्विषयकता पनि व्यापक रूपमा आएको देखिन्छ । यसक्रममा पूर्वीय तथा पाश्चात्य दर्शनका कतिपय सन्दर्भहरू निबन्धमा अन्तर्वस्तुका रूपमा आएका छन् । खासगरी भौतिकवादी तथा आत्मवादी चिन्तन प्रस्तुत गर्ने क्रममा उत्तरवर्ती नेपाली निबन्धमा दर्शन अन्तर्विषयकता बढी आएको छ । सृष्टिचक्र, जीवन, जगत्, ईश्वर, आत्मा, मृत्यु आदि विषयहरूलाई अभिव्यक्त गर्ने क्रममा निबन्धकारहरूले आफूभित्र रहेको दार्शनिक चेतनालाई विषय बनाई अभिव्यक्त गरेका छन् । आजको मान्छे भौतिक सुखसुविधालाई सर्वस्व मान्छ र त्यसलाई नै जीवनको अभीष्ट बनाउँछ । यिनै भौतिक प्राप्तिलाई महत्त्व दिने भौतिकवादी दर्शन र त्यसका विपरीत भौतिक प्राप्ति केही होइन, यी सबै भ्रम हुन्, आत्मिक सन्तुष्टि नै सर्वोच्च हो भन्ने आत्मवादी धारणा उत्तरवर्ती नेपाली निबन्धमा अन्तर्वस्तुका रूपमा प्रस्तुत भएका छन् । यस किसिमको दर्शन विषय भएका निबन्धहरू नेपाली साहित्यमा प्रशस्त छन् । यस्तै विषय प्रस्तुत गरिएको अर्को निबन्धांश यसप्रकार छ :

आधि आफैँमा पूरा पनि हो र पूरा आफैँमा आधा पनि हो आधामा पूर्णताको अपेक्षा सधैँ रहन पाउने हुनाले आधाको अस्तित्व नै प्रिय रहन्छ । यसैलाई त उपनिषद्ले सम्बोधन गरेको छ- लाग्छ यो विश्व आफैँमा पूर्ण छ त, तैपनि अझ पूर्णतातर्फको यात्रामा विद्यमान रहन्छ र अझ यस प्राप्तिको पूर्णतालाई पनि अवलम्बन गर्दैजाँदा अरू पूर्णताको यात्रा झन् बाँकी नै रहन्छ । त्यसकारण पूर्णताको प्राप्तिको यात्रा जति पूरा हुन्छ, यात्रा त्यति नै बाँकी पनि रहन्छ– पूर्णमदः पूर्णमिदम् पूर्णात्पूर्णमुदच्यते । पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते । (सुवेदी, 'खाली बोतल', *जीवन-गोप्य सिलबन्दी खाम,* पृ. ५२-५३)

प्रस्तुत निबन्धांशमा मानिसको जीवन आफैँमा पूरा र आफैँमा आधा हो भन्ने सन्दर्भ प्रस्तुत गर्दै त्यसमाथि निबन्धकारले आफ्नो दृष्टिकोण प्रस्तुत गरेका छन् । उपनिषदको सन्दर्भ उल्लेख गर्दै मान्छे जस्तै यो विश्व पनि पूर्ण छैन र सदैव पूर्णता खोजीमा नै यो चलिरहेको हुन्छ भन्ने विचार यहाँ प्रस्तुत गरिएको छ । यसरी पूर्वीय वैदिक दर्शनको प्रभाव यी निबन्धांशहरूमा परेको देखिन्छ । निबन्धमा आएको उपनिषद्को अंशले ब्रह्म एवं ईश्वरका पूर्णतालाई अभिव्यक्त गरेको छ र यो शून्यवादी दर्शनका रूपमा पनि आएको छ । यसप्रकारका अन्तर्वस्तु भएका अन्य निबन्धांशहरू यसप्रकार छन् :

म विचार नगरौँ वा विचारशून्य अवस्थामा रहौँभन्दा पनि सक्दिनँ । बेलाबखत मनमा उब्जिने वाहियात विचारले आजित हुन्छु । निर्विचार मनोव्यवस्थालाई नै पूर्वीय चिन्तनमा समाधि मानिएको छ । म पनि समाधिस्थ हुन चाहन्छु तर मन चञ्चल भइदिनाले सोचाइको क्रम टुट्दैन र सोचाइमा पनि विचलन आउँछ । त्यसको प्रभाव मेरो लेखनमा पनि पर्छ । मेरो लेखनमा सुव्यवस्थित श्रृङ्खला हुँदैन । त्यसैले मेरो लेखमा विचारको मन्थन होइन, गन्थन हुन्छ । योग, ध्यान, विपश्यनाले विचारशून्य वा निर्विचार होइन्छ होला । ध्यान गरौँ भन्छु तर मन एकाकार हुँदैन । अर्जुनले चराको घिच्रो मात्र देखेका थिए भने म सिङ्गो रूख देख्छु । (घिमिरे, 'विचार सङ्क्रमण', अनर्गल प्रलाप, पृ. ५)

माथि प्रस्तुत गरिएको निबन्धांशमा पूर्वीय योगदर्शनको चित्तवृत्तिनिरोधको विषयलाई प्रस्तुत गरिएको छ । पूर्वीय दर्शनमा निर्विचार मनोव्यवस्थालाई समाधि मानिएको सन्दर्भ उल्लेख गर्दै योग, ध्यान, विपश्यनाले विचारशून्य गराउने कुरा थाहा हुँदाहुँदै पनि आफूले त्यस्तो गर्न नसकेको कुरा निबन्धकारले प्रस्तुत निबन्धांशमा व्यक्त गरेका छन् । पूर्वीय योगदर्शन निबन्धको अन्तर्वस्तु बनेर आएको यस साक्ष्यले पूर्वीय दर्शनप्रतिको विश्वास प्रकट गरेको छ । अर्जुनदृष्टि ध्यानावस्था हो र ध्येयवस्तुसँगको तदाकारता हो । योगदर्शनको यही विषय यहाँ आएको छ । यस्तै दर्शन अन्तर्विषयकताको प्रयोग गरिएको अर्को निबन्धांश यसप्रकार छ :

जब जीवन सोच्छु, निस्सारता महसुस हुन्छ । तर चेतन मनले जीवनलाई गजबले माया गर्नुपर्छ भन्छु । मनमस्तिष्कमा जीवन मूल प्रवृत्तिलाई बलियो बनाउन चाहन्छु । तर हरपाइलामा ठोक्किन आउने विसङ्गतिबोधले जीवनवादी आग्रह स्थापना गर्न चुनौती दिँदोरहेछ । त्यो कठिन हुँदोरहेछ । मानिदिएर नै जीवन मूलप्रवृत्तिलाई लागू गर्ने प्रयास गर्न सकिन्थ्यो नै तर जीवनको अर्को वास्तविकताले (जसलाई वास्तविक होइन भनेर कसरी मान्न सकिन्छ र ?) घच्घच्याइरहन्छ । केवल मान्नका लागि मानिदिएर मात्र पनि सत्यान्वेषण नहुँदोरहेछ । तसर्थ म प्रायः यी दुवै प्रवृत्तिहरूको ध्रुवमा घुमिरहन्छु । (भूपिन, 'साठी सालको डायरी', चौबीस रिल, पृ. १२६)

यस निबन्धांशमा पाश्चात्य अस्तित्ववादी विसङ्गतिवादी दर्शनका आधारमा निबन्धकारले आफ्नो जीवनप्रतिको दृष्टिकोण व्यक्त गरेका छन् । जीवनवादी दर्शन र विसङ्गतिवादी दर्शनलाई निबन्धको विषय बनाइएको यस निबन्धांशमा दर्शनका यी दुई ध्रुवका बिचमा आफ्नो जीवन र जीवनप्रतिको दृष्टिकोण अडिएको चिन्तन व्यक्त गरिएको छ । यसरी पूर्वीय, पाश्चात्य, भौतिकवादी,

अध्यात्मवादी, शून्यवादी आदि विविध किसिमका दर्शनलाई विषय बनाई उत्तरवर्ती नेपाली निबन्ध लेखिएको तथ्य माथि प्रस्तुत गरिएका निबन्धांशका साक्ष्यहरूबाट स्पष्ट हुन्छ । यसरी दर्शन विषयको प्रविष्टिले उत्तरवर्ती निबन्धलाई गम्भीर बनाएका छन् ।

## अन्तर्विषयकताबाट उत्तरवर्ती नेपाली निबन्धमा परेको प्रभाव

अन्तर्विषयकताले साहित्यको विषयलाई व्यापक र समृद्ध बनाउँछ । ज्ञानका विभिन्न शाखा र विषयहरूले साहित्यमा प्रवेश पाउन थालेपछि साहित्यमा प्रयोग हुने विषयवस्तुको क्षेत्र पनि फराकिलो र नवीन बन्दै गएको देखिन्छ । नेपाली साहित्यका अन्य विधामा जस्तै निबन्ध विधामा पनि अन्तर्विषयकताको प्रयोग पाइन्छ र पछिल्लो समय यसप्रकारको प्रयोग झन् व्यापक बन्दै गएको छ । उत्तरवर्ती नेपाली निबन्धमा सबैभन्दा बढी प्रयोग भएको अन्तर्विषयकता राजनीति, संस्कृति, दर्शन आदि नै हुन् । यस्ता अन्तर्विषयकताको प्रयोगले उत्तरवर्ती नेपाली निबन्धमा विषयवस्तुगत व्यापकता र नवीन चेतनाको वृद्धि भएको छ । अन्तर्विषयकताको प्रयोगले साहित्यमा ज्ञानका नयाँनयाँ विषय र चिन्तनले प्रवेश पाएको देखिन्छ र साहित्यलाई साहित्येतर विषयसँग जोडेर नवीन अवधारणाको विकाससमेत गरेको छ । यसैगरी उत्तरवर्ती नेपाली निबन्धमा प्रयोग भएका राजनीति, संस्कृति र दर्शनजस्ता अन्तर्विषयकताले पनि निबन्धलाई अझ बढी बौद्धिक र बहुआयामिक बनाएका छन् । राजनीति, संस्कृति र दर्शन विषयका विभिन्न सन्दर्भ तथा पक्षहरू विषय बनेका निबन्धहरूमा ज्ञानको विस्तारका साथै रोचकता, पठनीयता र गम्भीरतासमेत देखिएको छ ।

## निष्कर्ष

साहित्यमा साहित्यभन्दा इतर विषयको प्रविष्टि अन्तर्विषयकता हो र यो विश्वसाहित्यमा पछिल्लो समयमा विकसित समालोचना पद्धति पनि हो । ज्ञानविज्ञानका हरेक क्षेत्रमा अन्तर्विषयकताले प्रविष्टि पाइरहेको सन्दर्भमा साहित्यमा पनि अन्तर्विषयकता आउनु स्वाभाविक देखिन्छ । ज्ञानविज्ञानका अनेक विषयहरूको अन्तर्प्रविष्टि सबैभन्दा बढी कविता र निबन्धमा नै पाइन्छ र यस दृष्टिले उत्तरवर्ती नेपाली निबन्ध निकै सबल देखिन्छ । विविध अन्तर्विषयहरूमध्ये राजनीति, संस्कृति र दर्शन उत्तरवर्ती नेपाली निबन्धमा सबैभन्दा बढी व्याप्ति प्राप्त गरेका विषय हुन् । यी विषयहरू क्रमशः समाजमा व्याप्त सङ्गतिहीनतालाई अभिव्यञ्जित गर्ने क्रममा र व्यङ्ग्यात्मक रूपमा, नेपाली समाजमा देखिएका सांस्कृतिक परम्परा र सांस्कृतिक विचलनलाई देखाउने सन्दर्भमा तथा वैचारिक चिन्तन, दृष्टिकोण, विश्वब्रह्माण्ड र जीवनजगत्प्रतिका धारणा आदिलाई अभिव्यक्त गर्ने क्रममा आएका छन् । निबन्धमा यी अन्तर्विषयहरूको प्रविष्टिले निबन्धलाई विशिष्ट, पठनीय, प्रभावकारी, सशक्त र बहुआयामिकसमेत बनाएका छन् भन्ने कुरा उपर्युक्त विश्लेषणबाट प्राप्त हुन्छ । उत्तरवर्ती नेपाली निबन्धमा अन्तर्विषयकता मूल प्रवृत्ति बनेर आएको कुरा पनि उपर्युक्त विश्लेषणबाट स्पष्ट हुन्छ ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, ज्ञानु (२०७६). "शङ्कर लामिछानेको कथाको अन्तर्विषयक पठन". *प्रज्ञा* ११७, पृ. ९२-१०१ ।

अधिकारी, ज्ञानु (२०७७). *आधुनिक नेपाली आत्मपरक निबन्धका प्रवृत्ति* (अप्रकाशित अनुसन्धान प्रतिवेदन), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

एटम, नेत्र (२०७०). *अन्तर्विषयक नेपाली समालोचना*. काठमाडौँ : एकता प्रकाशन ।

काफ्ले, माधव (२०७३). *जीवन एउटा थोत्रो स्क्रिन*. काठमाडौँ : ओरियन्टल प्रकाशन गृह ।

गौतम, कृष्ण (२०५०). *आधुनिक आलोचना : अनेक रूप, अनेक पठन.* ललितपुर : साझा प्रकाशन ।
गौतम, लक्ष्मणप्रसाद (२०६८). “निबन्धका प्रकार”. *रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड).* (सम्पा.). राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम. काठमाडौँ : रत्न पुस्तक भण्डार ।
गौतम, लक्ष्मणप्रसाद (२०७२). “समकालीन नेपाली कवितामा अन्तरविषयक पठन”. *प्रज्ञा समकालीन नेपाली कविताविमर्श* (सम्पा.) अमर गिरी. काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।
जोशी, रामहरि (२०७१). *अँध्यारोबाट उज्यालोतिर.* काठमाडौँ : घोस्ट राइटिङ नेपाल ।
दाहाल, यज्ञनिधि (२०७६). *जदौ.* काठमाडौँ : शमी साहित्य प्रतिष्ठान ।
पौडेल, नरेन्द्रराज (२०७३). *विमोचनको बिगबिगी.* काठमाडौँ : दायित्व वाङ्मय प्रतिष्ठान ।
बचविन्डर, डेभिड (सन् १९९१). *कन्टेम्परारी लिटरेरी थ्यौरी एन्ड द रिडिङ अफ पोएट्री.* अस्ट्रेलिया : द म्याकमिलन कम्पनी ।
बाउर्लिन, मार्क (सन् १९९७). *लिटररी क्रिटिसिज्म : अन अटोप्सी.* फिलाडेल्फिया : युनिभर्सिटी अफ पेन्सिलभानिया ।
भूपिन (२०६९). *चौबीस रिल.* काठमाडौँ : साङ्ग्रिला प्रकाशन ।
मोरान, जोइ (सन् २००२). *इन्टरडिसिप्लिनारिटी.* लन्डन : रोलेज टेलर एन्ड फ्रान्सिस ग्रुप ।
शर्मा, दीनानाथ (२०७२). *हिम फुलेको रात.* काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।
सुवेदी, अभि (२०७२). *फ्लानरको डायरी.* काठमाडौँ : बि.एन. पुस्तक संसार ।
सुवेदी, पुरुषोत्तम (सम्पा.) (२०७४). *प्रज्ञा निबन्धसङ्ग्रह.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।
सुवेदी, राजेन्द्र (२०६३). *जीवन-गोप्य सिलबन्दी खाम.* काठमाडौँ : पाठ्य सामग्री प्रकाशन ।